


वर्ष ४१ | अंक २ | नेपाल राष्ट्र बैंक समाचार | कात्तिक २०७३ | अक्टुवर–नोभेम्वर २०१६

# गभर्नर डा. चिरंजीबि नेपालबाट 2016 IMF/WB Annual Meetings मा सहभागिता

गभर्नर डा. चिरंजीबि नेपाल International Monetary Fund र World Bank ले संयुक्त राज्य अमेरिकाको वासिंगटन डिसिमा सन् २०१६ अक्टोवर ६ देखि ८ सम्म आयोजना गरेको IMF/WB Annual Meetings मा सहभागी हुनुभयो ।



गभर्नर डा. नेपालले अक्टोवर ५ मा IMF का Deputy Managing Director (DMD) Mr. Tao Zhang सँग IMF Head Quarter मा भेटवार्ता गर्नुभयो । भेटका अवसरमा डा. नेपालले देशको वर्तमान आर्थिक स्थिति एवम् अर्थतन्त्रको चुनौतीहरूका बारेमा उल्लेख गर्नुका साथै IMF ले नेपाललाई हालसम्म प्रदान गरेका सबै प्रकारका सहयोगको लागि धन्यवाद दिनुभयो भने DMD Mr. Zhang ले नेपाल चुनौतीलाई पार लगाउन सक्षम रहेको विश्वास व्यक्त गर्दै नेपाललाई आवश्यक पर्ने सहयोग प्रदान गर्न कोष तयार रहेको बताउनु भयो ।

गभर्नर डा. नेपाल अक्टोवर ६ मा South East Asian Voting Group को बैठकमा सहभागी हुनुभयो । सो बैठकमा SEAVG Office को Strategic Business Plan, SEAVG को New Rotation Scheme का बारेमा छलफल भएको थियो । सो लगत्तै गभर्नर डा. नेपाल 49th Joint Governors Meeting of the IMF-WB, South East Asian Constituency Meeting मा सहभागी हुनुभयो । गभर्नर डा. नेपालले IMF Finance Department तथा Monetary and Capital Market तथा Asia Pacific Department का प्रतिनिधिहरूसँग भेटघाट गर्नुभयो । सो अवसरमा IMF को Safeguard Mission र Liquidity Mission को प्रतिवेदन, नेपालको मौद्रिक तथा वित्तीय अवस्था एवम् यस वर्षको मौद्रिक नीतिले ल्याएका उपकरणहरूको प्रभावकारिताका बारेमा चर्चा तथा छलफल भएको थियो ।

गभर्नर डा. नेपाल अक्टोवर ७ का दिन SAARCFINANCE Group Meeting मा सहभागी हुनुभयो । SAARC राष्ट्रका केन्द्रीय बैंकका गभर्नर र अर्थ सचिवहरूको सहभागिता रहेको सो बैठकमा SAARCFINANCE Database का बारेमा छलफल हुनुका साथै विभिन्न अध्ययन सेमिनार आयोजना गर्ने तथा म्यानमार र इरानलाई पर्यवेक्षकको रूपमा SAARCFINANCE Group Meeting मा सहभागी हुन आमन्त्रण गर्ने निर्णय भएको थियो । सोही दिन गभर्नर डा. नेपाल र SEAVG का ED Mr. Marzunisham Omar बीच भेटवार्ता भएको थियो ।



गभर्नर डा. नेपालले अक्टोवर ८ का दिन IMF Annual Plenary बैठकमा भाग लिनुभयो । बैठकमा विश्व अर्थतन्त्रमा देखिएका चुनौतिहरूका बारेमा छलफल गरिनुका साथै Anti Trade Sentiment विकास हुँदै गएको तथा विश्व अर्थतन्त्र Too Slow for Too Long and Benefiting for Few भएकोमा चिन्ता व्यक्त गरिएको थियो भने आर्थिक वृद्धि बढी समावेशी हुनु पर्नेमा जोड दिइएको थियो । Monetary, Fiscal Policy तथा Structural Reforms को संयुक्त

बाँकी २ पेजमा

नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।

# गभर्नर डा. चिरंजीबि नेपालद्वारा तालिम कार्यक्रमको उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले असोज १० गते भक्तपुरमा Development on Rural Financing Institutions and Cooperatives विषयक तालिम कार्यक्रमको उद्घाटन गर्नुभयो । Centre for International Cooperation and Training in Agricultural Banking (CICTAB), Pune, India, नेपाल राष्ट्र बैंक, विभिन्न वाणिज्य बैंकहरु तथा वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थाहरुको संयुक्त आयोजनामा सञ्चालित सो ५ दिवसीय तालिममा भारत, बंगलादेश र नेपालका प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन पश्चात् प्रमुख अतिथि गभर्नर डा. नेपालले कार्यक्रमसँग सम्बन्धित महत्वपूर्ण मन्तव्य राख्नुभयो । उहाँले लघुवित्त वित्तीय संस्था तथा सहकारी संस्थाहरुले ग्रामीण क्षेत्रलाई कार्यक्षेत्र बनाएर देशको गरिबी निवारणका लागि कार्य गरिरहेको चर्चा गर्नुभयो । वित्तीय क्षेत्रमा कार्यरत संस्थाका कार्यहरुको प्रभावकारिता सम्बन्धमा प्रकाश पार्नुहुँदै उहाँले वित्तीय विस्तार र स्थायित्वका लागि नेपाल राष्ट्र बैंकले अपनाएका नीतिहरुको जानकारी पनि सो अवसरमा दिनुभयो ।

१ पेजको बाँकी

## गभर्नर डा. चिरंजीबि...

प्रयोगबाट अहिलेको अवस्थामा सुधार ल्याउन सकिने धारणा समेत उक्त बैठकमा व्यक्त भएको थियो । त्यसैगरी, गभर्नर डा. नेपालले South Asian Reginal Training and Technical Assistance Centre को Country Meeting र Asia Pacific Department ले आयोजना गरेको Regional Economic Outlook Breakfast Meeting मा पनि भाग लिनु भएको थियो ।

आ-आफ्नो संस्थाहरुका नीति तथा कार्यक्रमका बारेमा छलफल गर्न IMF Board of Governors तथा World Bank Board of Governors को सामान्यतया बर्षमा एक पटक बैठक गर्ने परम्परा अनुसार यो कार्यक्रममा १८८ सदस्य राष्ट्का अर्थ मन्त्रालय, केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको अवधिमा विदेशी दातृ निकायका प्रतिनिधिहरू समक्ष गत वर्ष नेपालमा गएको भूकम्पले पारेको असर र हालसम्मको राहत र पुनर्निर्माण सम्बन्धी प्रस्तुति पनि राखिएको थियो । गभर्नर डा. नेपालका साथ गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित उक्त कार्यक्रममा सहभागी हुनु भएको थियो ।

गभर्नर डा. चिरंजीबि नेपाल उक्त कार्यक्रमहरुमा सहभागी हुन असोज १८ गते अमेरिका तर्फ प्रस्थान गर्नु भएको थियो । उहाँ असोज २४ गते स्वदेश फर्कनु भएको थियो ।

# गभर्नर डा. चिरंजीबि नेपाल विप्रेषाण सम्बन्धी कार्यक्रममा

गभर्नर डा. चिरंजीबि नेपाल Royal Monetary Authority of Bhutan ले भुटानको थिम्पुमा असोज १३-१४ मा आयोजना गरेको Experience Sharing on Remittance Inflows विषयक कार्यक्रममा सहभागी हुन असोज १२ गते भुटानको थिम्फुतर्फ प्रस्थान गर्नुभयो ।

Royal Monetary Authority of Bhutan का गभर्नर Dasho Penjore को निमन्त्रणामा उक्त कार्यक्रममा सहभागी हुनुभएका गभर्नर डा. नेपालले थिम्पुमा Remittance Inflows विषयमा मन्तव्य राख्नुभयो । उहाँले कार्यक्रमको दौरानमा गभर्नर Dasho Penjore र भुटानका अर्थमन्त्री Lyonpo Namgay Dorji सँग भेटवार्ता पनि गर्नुभयो । भेटमा उहाँहरु बीच देशको आर्थिक अवस्था, आर्थिक अवसर र चुनौतीहरुका साथै आपसी हितका संभावनाहरु बारे छलफल भएको थियो ।

कार्यक्रमको समापन पश्चात् गभर्नर डा. नेपाल असोज १५ गते स्वदेश फर्कनु भयो। उक्त कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक वासुदेव अधिकारी र गभर्नर कार्यालयका निर्देशक राजेन्द्र पण्डित पनि सहभागी हुनु भएको थियो । उहाँहरुले Remittance Management विषयमा प्रस्तुति दिनु भएको थियो ।

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले असोज ४ गते पार्दी, पोखरामा गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड बीच मर्ज भएपश्चात्को एकीकृत कारोवारको शुभारम्भ गर्नुभयो ।

एकीकृत कारोवार शुभारम्भ कार्यक्रममा गभर्नर डा. नेपालले बैंकका लगानीकर्ता अन्य उद्योग व्यवसायका लगानीकर्ता भन्दा फरक रहेको र बैंकका संचालक, लगानीकर्तामा जनताको विश्वास रहेको बताउनु भयो । बैंक वित्तीय संस्थाका लगानीकर्ताले नाफा मात्रै हेर्न नहुने धारणा राख्दै केन्द्रीय बैंकले जनताको निक्षेप स्वीकार गर्न र सोको सुरक्षाको जिम्मेवारी बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको उहाँले बताउनु भयो ।

हालको वित्तीय क्षेत्रमा नयाँ नयाँ प्रविधि, अन्तर्राष्ट्रिय मान्यताहरू आएको बताउँदै गभर्नर डा. नेपालले बैंक वित्तीय संस्थाका संचालकहरू पढेलेखेका, शिक्षित तथा व्यावसायिक हुनुपर्ने र कर्मचारीहरू पनि दक्ष तथा तालिम प्राप्त हुनुपर्ने बताउनु भयो ।



नेपाल राष्ट्र बैंकले लिएको पुँजी वृद्धिको नीति पश्चात् विकास बैंक एवम् वित्त कम्पनीको पनि पुँजी वृद्धि हुने भएकोले कर्जा लगानी एवम् कारोबारको दायरा फराकिलो हुने हुँदा सोको कुशल परिचालनका लागि बैंकका प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारीहरु दक्ष हुनुपर्ने कुरा उहाँले बताउनु भयो ।

संशोधनको क्रममा रहेका नेपाल राष्ट्र बैंक ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन जारी भएपश्चात् वित्तीय क्षेत्र अझ बढी कुशल र सक्षम हुने गभर्नर डा. नेपालले बताउनु भयो । मर्जरको प्रक्रियाबाट पुँजी वृद्धि भई लगानीमा विस्तार, सञ्जालको विस्तारका साथै संस्थाको वित्तीय स्थिति समेत मजबुत हुँदै जाने कुरा उहाँले बताउनु भयो । देशका आधाभन्दा बढी जनसंख्या बैंक तथा वित्तीय संस्थाको पहुँचबाट बाहिर रहेको वर्तमान अवस्थामा बैंक तथा वित्तीय संस्थाहरु थप Innovative भई वित्तीय सेवा प्रदान गर्नुका साथै वित्तीय पहुँच विस्तारमा लाग्नुपर्ने बताउनु भयो ।

नेपालमा उत्पादनशील क्षेत्रमा लगानीको लागि थुप्रै अवसर रहेकोले पुँजी वृद्धिले आर्थिक विकासमा समेत टेवा पुग्ने विश्वास गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । नोटको छपाइमा ठूलो धनराशी खर्च हुने हुनाले चलनचल्तीको नोटलाई सफा र सुरक्षित राख्नेमा ध्यान दिन समेत उहाँले आग्रह गर्नुभयो ।

सोही दिन गभर्नर डा. नेपालले रिलायबल डेभलपमेन्ट बैंक लिमिटेड, डुम्रे, तनहुँ शाखाको पनि उद्घाटन गर्नु भएको थियो ।

# बंगलादेश बैंकसँग सुपरवेक्षकीय जानकारी आदानप्रदान गर्ने सहमति

नेपाल राष्ट्र बैंक र बंगलादेशको केन्द्रीय बैंक बंगलादेश बैंकबीच सुपरिवेक्षकीय सूचना आदान- प्रदान गर्ने तथा बैंक सुपरिवेक्षणका क्षेत्रमा सम्बन्ध र सहयोग विस्तार गर्ने उद्देश्यले असोज १७ गते एक सहमतिपत्र (Memorandum of Understanding - MOU) मा हस्ताक्षर भयो ।

डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको समुपस्थितिमा उक्त कार्यक्रम नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा सम्पन्न भएको थियो । सहमतिपत्रमा नेपाल राष्ट्र बैंकका तर्फबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले र बंगलादेश बैंकका तर्फबाट कार्यकारी निर्देशक Md. Saiful Islam ले हस्ताक्षर गर्नु भएको थियो । हस्ताक्षर कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, वित्त कम्पनी सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक एजिन्द्रप्रसाद लुइटेल एवम् बैंक सुपरिवेक्षण विभाग र गभर्नरको कार्यालयका पदाधिकारीहरूको पनि सहभागिता रहेको थियो ।



आ-आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गत पर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताका आधारमा सहयोगको आदान-प्रदान तथा सो प्रयोजनका लागि प्राप्त जानकारी वा सूचना भंग नहुने गरी सूचना/जानकारी आदानप्रदान गर्न सक्ने कानूनी व्यवस्था अनुरुप उक्त सम्झौता भएको छ ।

सुपरिवेक्षण अधिकारीहरूबीच पारस्परिक सहयोग, सद्भाव र सम्बन्ध विस्तार गर्ने तथा सुपरिवेक्षकीय जानकारी एवम् सूचना आदान-प्रदान गर्ने उद्देश्यले अन्य मुलुकका सुपरिवेक्षण अधिकारीहरूसँग समेत यस्तो सहमति गर्दै जाने नीति नेपाल राष्ट्र बैंकको रहेको छ । यस अघि नेपाल राष्ट्र बैंकले भारतको केन्द्रीय बैंक रिजर्व बैंक अफ इण्डिया र चीनको China Banking Regulatory Commission (CBRC) सँग यस किसिमको सम्झौता गरिसकेको छ ।

# आर्थिक पत्रकारहरूसँग अन्तरक्रिया

## सिद्धार्थनगर कार्यालय

सिद्धार्थनगर कार्यालयले असोज ६ गते आर्थिक पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीले भूकम्प पश्चात विदेश जाने युवाहरुको संख्यामा आएको कमीसँगै रेमिट्यासमा पनि प्रभाव परेको उल्लेख गर्दै रेमिट्यान्सको रकमलाई अर्थतन्त्रको आधार मान्न नहुने बताउनु भयो । सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले बैंकको कार्य क्षेत्र भित्र गरिएको अनुसन्धात्मक रिपोर्टका सम्बन्धमा जानकारी गराउनुका साथै रुपन्देही तथा आसपासमा हुँदै गरेको पूर्वाधार विकासले यस क्षेत्रको वित्तीय क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको बताउनु भयो ।



अनुसन्धान एकाइका शंकर भट्टराईको सञ्चालनमा भएको उक्त कार्यक्रममा सिद्धार्थनगर कार्यालयका उपनिर्देशकद्वय विज्ञानराज सुवेदी र सुवास आचार्य तथा सहायक निर्देशकहरु लगायत स्थानीय आर्थिक पत्रकारहरुको उपस्थिति रहेको थियो । पत्रकार महासंघ रुपन्देही, आर्थिक पत्रकार समाज लुम्बिनी, लुम्बिनी प्रेस क्लब आदिका प्रतिनिधिहरुले अन्तरक्रियामा समसामयिक आर्थिक विषयमा विभिन्न जिज्ञासा राख्नु भएको थियो ।

## वीरगञ्ज कार्यालय

मुलुकको केन्द्रीय बैंक र सञ्चार क्षेत्रबीचको सम्बन्धलाई थप सुदृढ गर्ने उद्देश्यले वीरगञ्ज कार्यालयद्वारा असोज १३ गते नेपाल राष्ट्र बैंक-सञ्चार क्षेत्र अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सो कार्यक्रमका प्रमुख अतिथि जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीले मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक विषयका विद्यमान समष्टिगत आर्थिक परिदृश्यका साथै चालू आर्थिक वर्षको मौद्रिक नीतिका बारेमा प्रस्तुति दिनुभयो । उहाँले नेपाल राष्ट्र बैंकसँग धेरै आर्थिक तथा वित्तीय सूचना विद्यमान रहने हुँदा बैंक र सञ्चार क्षेत्रबीचको सुमधुर सम्बन्धले नै उपर्युक्त सूचनाहरु जनसमक्ष पुग्न सहयोग पुग्ने बताउनु भयो ।

उक्त कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक धनन्जय शर्माले सहभागीहरुको स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । स्थानीय स्तरमा प्रवाह भइरहेको बैंकिङ सेवा र मुद्रा व्यवस्थापन सम्बन्धी गतिविधि उल्लेख गर्दै उहाँले देशकै ठूलो व्यापारिक नाकाको गतिविधि र भारतीय रुपैयाँको उपलब्धता सम्बन्धी समस्याबारे जानकारी दिनु भएको थियो । कार्यक्रममा नारायणी क्षेत्रको आर्थिक गतिविधिका सम्बन्धमा उपनिर्देशक प्रदीप भट्टराईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागी पत्रकारहरुले देशको पुनर्संरचना र नेपाल राष्ट्र बैंकको उपस्थिति, बैंकबाट प्राप्त हुने सूचनामा सञ्चार क्षेत्रको पहुँच, बैंक तथा वित्तीय संस्थाको सेवा विस्तार, वित्तीय पहुँच तथा संस्थागत सामाजिक उत्तरदायित्व र भारतीय मुद्राको व्यवस्थापन सम्बन्धी जिज्ञासा राख्नु भएको थियो । कार्यक्रममा वीरगञ्ज क्षेत्रका पत्रकार तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## जनकपुर कार्यालय

जनकपुर कार्यालयले असोज १४ गते आफ्नो कार्यक्षेत्रमा कार्यरत आर्थिक पत्रकारहरुसँग समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया कार्यक्रम गऱ्यो ।




उक्त अन्तरक्रियामा प्रमुख अतिथि जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीले वर्तमान नेपालको अर्थतन्त्र एवम् बैंकिङ क्षेत्रका समसामयिक तथ्याङ्क सहितको एक कार्यपत्र प्रस्तुत गर्दै गत वर्ष सीमा नाका अवरोध एवम् आपूर्ति व्यवस्थापनमा भएको असहजताले आर्थिक वृद्धि सन्तोषजनक नरहेको भए पनि चालू वर्षमा यो सुधारोन्मुख रहेको बताउनु भयो ।

सो अन्तरक्रियामा जनकपुर कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेले जनकपुर कार्यालयले सम्पादन गर्दै आएको विभिन्न कार्यहरुको विवरण, आर्थिक पत्रकारहरुको भूमिका तथा उपादेयता आदिको सम्बन्धमा संक्षिप्त कार्यपत्र प्रस्तुत गर्दै उपस्थित सबै पत्रकार एवम् कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नु भएको थियो । उपनिर्देशक केशवप्रसाद तिमिल्सिनाले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक चन्द्रमणि निरौलाले गर्नु भएको थियो ।

# पनौतीमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम

गभर्नरको कार्यालयले असोज १० गते काभ्रे जिल्लाको पनौती नगरपालिस्थित इन्द्रेश्वर उच्च माध्यमिक विद्यालयमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सम्पन्न गर्‍यो । उक्त कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूलाई दृष्य प्रस्तुति मार्फत सानै उमेरदेखि बचत गर्नुको महत्व एवम् बचत गर्ने तरिका, ऋण, बिमा र विप्रेषणका सही सूत्रहरू, नोटलाई सफा राख्नुको महत्व र तरिका तथा औपचारिक बैंकिङ संजाल प्रयोग गर्ने बानीको महत्वका बारेमा ज्ञान प्रदान गर्नभयो । नेपालको वित्तीय प्रणालीका सम्बन्धमा गरिएको सो




अन्तरक्रियात्मक प्रस्तुतिमा उहाँले विद्यार्थीहरूलाई कार्यक्रमबाट जति सक्दो धेरै कुरा सिक्न प्रोत्साहित गर्नभयो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्याल, सहायक निर्देशक निर्मला खतिवडा र अनुसन्धान विभागका सहायक निर्देशक लक्ष्मीनारायण ताम्राकार लगायत विद्यालयका शिक्षकका साथै विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । सानै उमेरदेखि नै विद्यार्थीले वित्तीय ज्ञान पाउन् भन्ने ध्येयले विगत केही वर्षदेखि गभर्नरको कार्यालयले देशका सरकारी स्कुलहरूमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम आयोजना गर्दै आएको छ ।

# विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम

विद्यार्थी, महिला तथा सर्वसाधारणलाई वित्तीय चेतना प्रदान गरी उनीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुसँग कारोवार गर्न अभिप्रेरित गर्ने उद्देश्यले गभर्नरको कार्यालयले स्थानीय संघ संस्थाहरुसँग समन्वय गरी देशका विभिन्न स्थानमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सम्पन्न गरेको छ ।



मानुषी संस्थासँगको समन्वयमा असोज ६ गते नुवाकोटको विदुरमा, असोज १२ गते सिन्धुपाल्चोकको चौतारामा र असोज १९ गते दोलखाको मैनापोखरीमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमहरु मध्ये चौतारा र मैनापोखरीको कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्यालले र विदुरको कार्यक्रममा सहायक निर्देशक सुरेश पन्तले वित्तीय साक्षरताको महत्व र उपादेयताका सम्बन्धमा प्रकाश पार्दै बैंक तथा वित्तीय संस्थाहरुसँग कारोबार गरी आत्मनिर्भर बन्न जोड दिनुभयो ।

असोज १० गते सेतीदेवी बचत तथा ऋण सहकारी संस्थासँगको समन्वयमा काठमाडौंको फर्पिङमा र असोज १७ गते गोपालेश्वर सामुदायिक बचत तथा ऋण सहकारी संस्थासँगको समन्वयमा काठमाडौंको छैमलेमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमहरुमा गभर्नरको कार्यालयका सहायक निर्देशकहरु क्रमशः सुरेश पन्त र सार्थक कार्कीले वित्तीय चेतना सम्बन्धी ज्ञान प्रदान गर्नुका साथै वित्तीय चेतनासँग सम्बन्धित सामग्री प्रस्तुत गर्नुभयो ।



उपरोक्त सबै कार्यक्रमहरुमा स्थानीय स्कुलका विद्यार्थीहरु, महिलाहरु, सहकारीकर्मीहरु लगायत सर्वसाधारणहरुको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागीहरुले यस प्रकारका कार्यक्रमहरुको निरन्तरतामा जोड दिँदै कार्यक्रमबाट आफूहरु लाभान्वित भएको बताएका थिए ।

# उपत्यका बाहिरका कार्यालयमा सफा नोट सम्बन्धी कार्यक्रम

नेपाली नोटको आयु सरदरमा ३ वर्ष रहेको मानिएको छ । नोट छपाउँदा राष्ट्रको ढुकुटीबाट करोडौं रकम खर्च भइरहेको छ । एकातिर नोटमा लेख्ने, रङ्ग लगाउने, राख्दा मिलाएर नराख्ने, पर्स तथा मनी ब्यागको सदुपयोग नगर्ने आदि कारणले नोटको आयु घटेको छ भने अर्कोतिर नेपालीहरुको वित्तीय पहुँच कम रहनु, वित्तीय शिक्षा तथा जानकारी कम रहनु, एटिएम मेसिनको प्रयोग कम हुनु तथा सर्वसुलभ नहुनाले नोटको प्रयोग बढी हुनाका साथै जतन नभएको पाइएको छ । यसै तथ्यलाई मनन गरी नोटको प्रयोग सही तरिकाले गर्ने सम्बन्धमा जनचेतना बढाउने उद्देश्यले केन्द्रीय बैकले सम्पूर्ण कार्यालयमा सफा नोट सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ ।

## वीरगञ्ज कार्यालय

नेपाल राष्ट्र बैंक वीरगञ्ज कार्यालयद्वारा नोटलाई हिफाजत गरी सफा सुकिलो नोट कायम राख्न जनचेतना फैलाउने उद्देश्यले असोज १५ गते एक प्रभातफेरी कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रमको सुरुआत गर्दै वीरगञ्ज कार्यालयका निर्देशक धनन्जय शर्माले नेपाली नोट राष्ट्रको सम्पत्ति भएकाले यसको हिफाजत गरी लामो समयसम्म टिकाउनु र राष्ट्रको खर्च कम गर्न पहल गर्नु सबैको कर्तव्य भएको उल्लेख गर्नुभयो । नोटमा सभ्यता, प्रकृति, संस्कृति तथा इतिहास समेत अंकित हुने भएकाले यसलाई जतन गरी चलाएमा राष्ट्रको खर्च कम हुनुका साथै सोको संरक्षणमा समेत सहयोग पुग्ने स्पष्ट पार्नुभयो ।

वीरगञ्ज क्षेत्रका बैंक तथा वित्तीय संस्थाको उल्लेख्य सहभागिता रहेको सो प्रभातफेरी नेपाल राष्ट्र बैंकको आदर्शनगरस्थित कार्यालय परिसरबाट सुरु भई माइस्थान, घण्टाघर हुँदै अलख्या रोड परिक्रमा गरी पुन कार्यालय परिसरमा आएर समापन भयो । समापन मन्तव्य व्यक्त गर्नुहुँदै उपनिर्देशक रोशनकुमार सिग्देलले प्रभातफेरीमा बैंक तथा वित्तीय संस्थाको उल्लेख्य सहभागिता रहेकोमा सन्तोष व्यक्त गर्दै उपस्थित सबैलाई धन्यवाद दिनुभयो ।




*(फोटो- देवेन्द्र निरौला, नेपाल राष्ट्र बैंक, वीरगञ्ज)*

बैंक तथा वित्तीय संस्थाका तर्फबाट एनआइसी एसिया बैंक, वीरगञ्ज कार्यालयका प्रबन्धक सन्तोष बुढाथोकीले नेपाल राष्ट्र बैंकको अगुवाइमा यसप्रकारको जनचेतनामूलक कार्यक्रम गर्नु प्रशंसनीय रहेको उल्लेख गर्दै नोटलाई जतन गर्न जनचेतना फैलाउने राष्ट्रको कार्यमा सबै बैंक तथा वित्तीय संस्थाबाट पहल हुनुपर्ने धारणा राख्नुभयो । उहाँले आगामी दिनमा सर्वसाधारणबाट नोटलाई जतन गरी प्रयोग गर्ने कुरामा सुधार हुने आशा व्यक्त गर्नुभयो ।

## धनगढी कार्यालय

नोटको जतन सम्बन्धी जनचेतना जगाउने उद्देश्यले असोज १५ गते धनगढी कार्यालयले प्रभातफेरी कार्यक्रमको आयोजना गऱ्यो । प्रभातफेरी कार्यक्रम धनगढी कार्यालयको प्राङ्गणबाट सुरु भई ट्राफिक चौराहामा पुगेर समापन भयो ।

उक्त कार्यक्रममा धनगढी कार्यालयका का. मु. निर्देशक डिलाराम सुवेदीले नोटको जतन र महत्वका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा धनगढी कार्यालयका कर्मचारीहरु लगायत धनगढीका बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## विराटनगर कार्यालय

विराटनगर कार्यालयले असोज १५ गते नोटको हिफाजत सम्बन्धी जनचेतनामूलक प्रभातफेरी कार्यक्रमको आयोजना गऱ्यो । "नोट राष्ट्रको सम्पत्ति हो यसको हिफाजत गरौं" भन्ने मूल नारा लेखिएको ब्यानरसहित विराटनगर कार्यालयका निर्देशक रामु पौडेलको नेतृत्वमा सम्पन्न उक्त प्रभातफेरीमा कार्यालयका सम्पूर्ण कर्मचारीहरु लगायत सुरक्षाकर्मीहरु, स्थानीय नागरिक समाज, व्यापारी, उद्योगपति, बैंक तथा वित्तीय संस्थाहरु एवम् सर्वसाधारणको सहभागिता रहेको थियो ।




सर्वसाधारणलाई नोटको महत्व, प्रयोग गर्ने विधि, नोटको जतन र बचत गर्ने बानीको विकास गराउँदै वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले उक्त प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो । बैंकिङ प्रथाको विकास र विस्तारसँग सम्बन्धित विभिन्न सन्देशयुक्त प्लेकार्ड एवम् पर्चा सहित विराटनगर कार्यालयको परिसरबाट सुरु भएको उक्त प्रभातफेरी देवकोटा चोक, अस्पताल चोक हुँदै नगरका विभिन्न प्रमुख स्थानहरुको परिक्रमा पश्चात् कार्यालय परिसरमै आएर सम्पन्न भएको थियो ।

## नेपालगञ्ज कार्यालय

नेपालगञ्ज कार्यालयले नेपालीहरुको महान चाड बडादशैंको आगमनसँगै असोज १८ गते नोट हिफाजत सम्बन्धी प्रभातफेरी कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले सफा नोटमा सभ्य नागरिकको पहिचान झल्कने

क्रमशः ७ पेजमा

एवम् नोटको सुरक्षित प्रयोग गर्दा मुलुकको ठुलो खर्च समेत जोगिने भएकाले नोटको कारोबारमा प्रत्यक्ष संलग्न रहनु हुने सबै बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुलाई आआफ्नो तर्फबाट भूमिका निर्वाह गर्न अनुरोध गर्नुभयो ।




प्रभातफेरीमा नेपालगञ्ज कार्यालयका सम्पूर्ण कर्मचारी एवम् बाँके जिल्लास्थित बैंक तथा वित्तीय संस्थाहरुको उल्लेख्य प्रतिनिधित्व रहेको थियो । नेपालगञ्ज कार्यालयको प्राङ्गणमा जम्मा भई नोट हिफाजत सम्बन्धी ब्यानर तथा प्लेकार्ड सहितको जुलुसले मुख्य शहरी क्षेत्र एवम् चोकहरुको परिक्रमा गरेको थियो । शहर परिक्रमाका क्रममा नोट हिफाजत सम्बन्धी नेपाल राष्ट्र बैंकको अनुरोध लेखिएका रंगिन पम्प्लेटहरु वितरण गरिएको थियो ।

## पोखरा कार्यालय

पोखरा कार्यालयले असोज १८ गते "नोट राष्ट्रको सम्पत्ति हो, नोटको हिफाजत गरौं" भन्ने नाराका साथ प्रभातफेरी कार्यक्रम गऱ्यो । प्रभातफेरी पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईंको नेतृत्वमा पोखरा कार्यालयको प्राङ्गणबाट सुरु भई पृथ्वी चोकमा पुगेपछि कोणसभामा परिणत भयो । उक्त सभालाई सम्बोधन गर्दै निर्देशक चापागाईंले नेपाली नोटको आयु लामो बनाई राष्ट्रको खर्च कम गर्ने नेपाल राष्ट्र बैंकको उद्देश्य सफल पार्न सबै नेपाली तथा बैंकरहरुसँग अनुरोध गर्नुभयो । केन्द्रीय बैंक स्थापना हुँदाको उद्देश्यहरु उल्लेख गर्दै उहाँले अब चेक तथा अन्य वैकल्पिक माध्यमको प्रयोग गरी नोटको प्रयोगमा कमी ल्याउनु पर्ने आवश्यकता रहेको कुरामा जोड दिनुभयो ।

कार्यक्रममा पोखरा कार्यालयका साथै पोखरा क्षेत्रमा क्रियाशील बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुको उल्लेखनीय उपस्थिति रहेको थियो । नेपाली नोटको सरक्षण गरौं, वित्तीय कारोबारमा चेक तथा अन्य नोटका बैकल्पिक माध्यमको प्रयोग बढाऊँ भन्ने लगायतका प्लेकार्ड बोकेर सयौं बैकरहरु प्रभातफेरी कार्यक्रममा सहभागी भएका थिए । कार्यक्रमका सहभागीहरुले सर्वसाधारणहरुलाई नोट सरक्षण गर्नुपर्ने कारण र तरिकाबारे बुझाउनुका साथै नोट हिफाजत सम्बन्धी पर्चा बाँडेर सर्वसाधारणलाई वित्तीय जानकारी दिएका थिए । सर्वसाधारणहरुले उत्साहपूर्वक प्रभातफेरीको अवलोकन गरेका थिए ।

## सिद्धार्थनगर कार्यालय

सिद्धार्थनगर कार्यालयले असोज १८ गते नोट हिफाजत सम्बन्धी प्रभातफेरी कार्यक्रम सम्पन्न गऱ्यो । सो कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले नोट राज्यको सम्पत्ति भएकाले यसको हिफाजत गर्नपर्ने बताउनु भयो । उहाँले नोटको हिफाजतमा बैंक तथा वित्तीय संस्थाहरुको प्रमुख भूमिका उल्लेख गर्दै सर्वसाधारणले पनि आफ्नो तहबाट यसको जतनमा रचनात्मक अग्रसरता देखाउनु पर्ने कुरा प्रष्ट पार्नुभयो । सफा नोट राज्यको प्रतिष्ठा समेत भएको उल्लेख गर्दै उहाँले नोटको आयु बढाउन सके राज्यले यसको छपाइमा व्यहोर्नु पर्ने ठुलो खर्च बचाउन सकिने तर्फ सबैले सोच्नु पर्ने विषयमा जोड दिनुभयो ।

सिद्धार्थनगर कार्यालयका सम्पूर्ण कर्मचारीहरु, स्थानीय बैंक तथा वित्तीय संस्थाहरु र विभिन्न पत्रकारहरु सम्मिलित उक्त प्रभातफेरी कार्यक्रम नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको परिसरबाट सुरु भई देवकोटा चोक, बैंक रोड, मिलन चोक, आवा रोड हुँदै पुन कार्यालय परिसरमा आई सम्पन्न भएको थियो ।

## जनकपुर कार्यालय

जनकपुर कार्यालयले असोज १८ गते विहान नोटको हिफाजत सम्बन्धमा प्रभातफेरी कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेले नोट छपाइमा ठुलो खर्च लाग्ने र यसको हिफाजत गर्न सकिए नोटको आयु लम्बिने र छपाइ लागत कम गर्न सकिने बताउनु भयो । नोट राष्ट्रको सम्पत्ति भएको चर्चा गर्दै उहाँले यसको जतन साथ प्रयोग गर्नु पर्ने र नगदको कारोबार कम गर्न ए.टि.एम. कार्ड लगायतका कार्डको प्रयोग व्यापक बनाउनु पर्नेमा जोड दिनुभयो । सबै बैंक तथा वित्तीय संस्थाहरुले नोटको हिफाजत सम्बन्धी कार्यक्रम राखी प्रचार प्रसार गर्नुपर्नेमा जोड दिँदै उहाँले प्रभातफेरी कार्यक्रमका सम्पूर्ण सहभागीहरुलाई धन्यबाद ज्ञापन गर्नुभयो ।




कार्यालयका कर्मचारीहरुका साथै जनकपुरधामस्थित बैंक तथा वित्तीय संस्थाका कर्मचारी, बुद्धिजीवी, पत्रकार लगायत सर्वसाधारण जनताको व्यापक सहभागिता रहेको उक्त प्रभातफेरी नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयको प्राङ्गणबाट सुरु भई राम चोक, जनक चोक, जानकी मन्दिर, शिव चोक, भानु चोक, कदम चोक हुँदै कार्यालयको प्राङ्गणमा पुगी सम्पन्न भएको थियो । प्रभातफेरीका क्रममा नोट राष्ट्रको सम्पत्ति हो, यसको हिफाजत गरौं; मनी ब्याग वा पर्सको प्रयोग गरी नोटको जतन गर्ने बानी बसालौं; नोटमा जथाभावी केरमेट नगरौं, नलेखौं; बैंक चेक तथा एटिएम कार्ड प्रयोग गरी नगद कारोबार कम गरौं लगायतका नारा लगाइएको थियो ।

# जनकपुरमा कार्यालय प्रमुखको स्वागत तथा विदाई

जनकपुर कार्यालयमा पदस्थापन भई आउनुभएका निर्देशक तुलसीप्रसाद घिमिरेको स्वागत तथा जनकपुर कार्यालयबाट सरुवा हुनुभएका निर्देशक मुकुन्द महतको सम्मानमा जनकपुर कार्यालयले असोज १० गते स्वागत तथा विदाई कार्यक्रमको आयोजना गऱ्यो ।



उक्त कार्यक्रममा निर्देशक महतले पदस्थापन भई आउनु भएका निर्देशक घिमिरेलाई फूलमाला र टीका लगाई स्वागत गर्नुभयो । उहाँले सरुवा भई जनकपुर कार्यालयमा आउनु भएका उपनिर्देशक वासुदेव भट्टराई, सहायक निर्देशक बद्रीनाथ नेपाल तथा पदस्थापन भई आउनु भएका सहायक निर्देशक पुष्करराज भट्टराईलाई पनि फूलमाला र टीका लगाई स्वागत गर्नुभयो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उहाँले सरुवा, बढुवा लगायतको अवस्था कर्मचारीहरुको लागि नियमित प्रक्रिया रहेको बताउँदै आफ्नो कार्यकालमा कार्य सम्पादनमा सहयोग गर्ने सबै कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

सोही कार्यक्रममा निर्देशक घिमिरेले जनकपुर कार्यालयबाट सरुवा हुनु भएका निर्देशक महतलाई विदाई स्वरुप कार्यालयको तर्फबाट मायाँको चिनो प्रदान गर्नुभयो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उहाँले देशको केन्द्रीय बैंकको गरिमा कायम हुने गरी कर्मचारीहरुले आफ्नो कार्य सम्पादन गर्नु पर्नेमा जोड दिनुभयो । कार्यालयको काम कारवाही व्यक्ति विशेषको भरमा नभई सम्पूर्ण कर्मचारीहरुको सामुहिक प्रयासबाट सम्पादन गर्नु पर्ने बताउनु हुँदै उहाँले कार्यालयको कार्य सम्पादनमा सम्पूर्ण कर्मचारीहरुको साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यालयका उपनिर्देशक चन्द्रकुमार श्रेष्ठले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, जनकपुरका कर्मचारी संघ/संगठनका अध्यक्षहरुले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामकाजी खाइजूले गर्नु भएको थियो ।

# ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७३।७४ को प्रत्येक महिनामा एउटाका दरले वर्षभरिमा जम्मा १२ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप असोज १४ गते चालू आ.व.को तेस्रो कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा निर्देशक गुरुप्रसाद पौडेलले Procurement Management: Best Practices and Legal Framework विषयमा प्रस्तुति दिनुभयो । यसअघि भदौमा निर्देशक डा. गोपालप्रसाद भट्टले Public Private Partnership in Nepal: Policy, Prospects and Challenges विषयमा प्रस्तुति दिनु भएको थियो ।

## विराटनगर कार्यालयमा पनि ज्ञान आदानप्रदान कार्यक्रम

असोज महिनामा विराटनगर कार्यालयले पनि ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले Monetary Policy & Current State of Economy in Nepal विषयमा प्रस्तुति दिनु भएको थियो ।

# वृद्धवृद्धा भेटघाट तथा सम्मान

नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरले चाडबाडको उपलक्ष्यमा यसपालीको दशैं तिहार, वृद्धाश्रमका बुवाआमासँग भन्ने नारा सहित श्री सत्यसाई वृद्धाश्रम, वसन्तपुरमा रहनु भएका वृद्धवृद्धालाई एक कार्यक्रम गरी भेटघाट तथा सम्मान गऱ्यो ।



सो कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले कर्मचारीहरुले आफ्नो खर्चमा कटौती गरी वृद्धवृद्धाको सम्मान गरेकोमा खुसी व्यक्त गर्दै रचनात्मक कार्यहरुको निरन्तरतामा जोड दिनुभयो । वृद्धवृद्धाहरुलाई दोसल्ला ओढाउनुका साथै फलफूल वितरण गरिएको सो कार्यक्रममा संघका अध्यक्ष छविलाल घिमिरेले वृद्धवृद्धाको सुस्वास्थ्यको कामना गर्दै सेवाको अवसर दिएकोमा वृद्धाश्रमलाई धन्यवाद दिनुभयो ।

संघका सदस्य चेतना नेपालले सञ्चालन गरेको उक्त कार्यक्रममा सिद्धार्थनगर कार्यालयका उपनिर्देशकहरु सहित संघका सदस्यहरु सम्मिलित थिए ।

## डेपुटी गभर्नर शिवाकोटी फिलिपिन्समा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी MANILA, PHILIPPINES मा आयोजित SEACEN-BIS HIGH LEVEL SEMINAR AND 15TH SEACEN EXECUTIVE COMMITTEE MEETING मा सहभागी भई सेप्टेम्बर २९ मा स्वदेश फर्कनु भयो । उहाँ सो कार्यक्रममा सहभागी हुन सेप्टेम्बर २३ मा त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । संस्थागत योजना विभागका कार्यकारी निर्देशक शंकरप्रसाद आचार्य र विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक सुनिल उदासको पनि उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

## डेपुटी गभर्नर श्रेष्ठ विदेशका विभिन्न कार्यक्रममा

डेपुटी गभर्नर शिबराज श्रेष्ठ MUMBAI, INDIA मा आयोजित MAINTAINING FINANCIAL STABILITY DURING A TIME OF UNCERTAIN GLOBAL ECONOMIC PERFORMANCE विषयक कार्यक्रममा सहभागी भई सेप्टेम्बर २७ मा स्वदेश फर्कनु भयो । उहाँ सो कार्यक्रममा सहभागी हुन सेप्टेम्बर २० मा त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल र वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक भुवन बस्नेतको पनि उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

डेपुटी गभर्नर शिबराज श्रेष्ठ PARIS, FRANCE मा आयोजित FATF OCTOBER PLENARY AND WORKING GROUP MEETING मा सहभागी हुन अक्टोबर १४ मा त्यसतर्फ प्रस्थान गर्नुभयो । कार्यक्रमको समापन पश्चात् उहाँ अक्टोम्बर २३ मा स्वदेश फर्कनु भयो । वित्तीय जानकारी एकाइका उपनिर्देशक शरणकुमार अधिकारी र सहायक निर्देशक राजेशकुमार सुवेदी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

## कार्यकारी निर्देशक तथा निर्देशकहरु अन्तर्राष्ट्रिय कार्यक्रममा

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी र CONTRACT SIGNING BETWEEN NRB AND CIMB मा सहभागी हुन अक्टोबर १६ मा SINGAPORE तर्फ प्रस्थान गर्नुभई अक्टोबर २३ मा स्वदेश फर्कनु भयो । सोही कार्यालयका का. मु. निर्देशक चेतप्रसाद उप्रेतीको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेल ECONOMIC EDUCATION-THE ROLE OF CENTRAL BANK विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर २४ मा FRANKFURT, GERMANY तर्फ प्रस्थान गर्नुभई अक्टोबर ४ मा स्वदेश फर्कनु भयो ।

अनुसन्धान विभागका निर्देशक नीलम ढुंगाना SEMINAR ON CENTRAL BANK TRANSPARENCT AND MONETARY POLICY COMMUNICATION मा सहभागी हुन सेप्टेम्बर १८ मा COLOMBO, SRI LANKA तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २५ मा स्वदेश फर्कनु भयो । गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्य पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

वित्तीय जानकारी एकाइका निर्देशक ऋषिकेश भट्ट ANNUAL PLENARY PPWG MEETING मा सहभागी हुन सेप्टेम्बर १९ मा DOHA, QATAR तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २६ मा स्वदेश फर्कनु भयो । कानुन महाशाखाका सहायक निर्देशक डिल्लीराम न्यौपाने पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक रमण नेपाल DIGITAL PAYMENTS ECOSYSTEM VISIT INDIA मा सहभागी हुन सेप्टेम्बर २६ मा मुम्बई र नयाँ दिल्ली तर्फ प्रस्थान गर्नुभई अक्टोम्बर २ मा स्वदेश फर्कनु भयो । भुक्तानी प्रणाली विभागका उपनिर्देशक केदारप्रसाद आचार्य पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक देवकुमार ढकाल MANANGEMENT IN THE CENTRAL BANK विषयक कार्यक्रममा सहभागी हुन अक्टोम्बर ९ मा NEW YORK, USA तर्फ प्रस्थान गर्नुभई अक्टोम्बर २३ मा स्वदेश फर्कनु भयो ।

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक नरेश शाक्य SUPERVISION विषयक कार्यक्रममा सहभागी हुन अक्टोम्बर १५ मा NEW YORK, USA तर्फ प्रस्थान गर्नुभयो । उहाँ अक्टोम्बर २८ मा स्वदेश फर्कने कार्यक्रम छ ।

निर्देशकहरु अनुसन्धान विभागका पिताम्बर भण्डारी र सामान्य सेवा विभागका तेजबहादुर रानामगर SEACEN-IMF COURSE ON MACROECONOMIC DIAGNOSTICS मा सहभागी हुन अक्टोम्बर १५ मा CAMBODIA तर्फ प्रस्थान गर्नुभयो । उहाँहरु नोभेम्बर १ मा स्वदेश फर्कने कार्यक्रम छ । सहायक निर्देशकहरु अनुसन्धान विभागका बाबुराम कोइराला र विकास बैंक सुपरिवेक्षण विभागका राजनप्रसाद रेग्मी पनि सो कार्यक्रममा सहभागी हुनुहुन्छ ।

बैंकिङ कार्यालयका निर्देशक बिमलराज खनाल A STUDY TOUR OF E-PAYMENT IN INDIA मा सहभागी हुन सेप्टेम्बर २५ मा NEW DELHI, INDIA तर्फ प्रस्थान गर्नुभई अक्टोबर १ मा स्वदेश फर्कनु भयो ।

## अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा सहभागिता

उपनिर्देशकहरु बैंक सुपरिवेक्षण विभागका राजनदेव भट्टराई, प्रद्युम्नकुमार खनाल र किरण पण्डित, सहायक निर्देशकहरु वित्त कम्पनी सुपरिवेक्षण विभागका हेमनाथ त्रिपाठी तथा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका ध्रुवराज आचार्य र शरद प्रधान FSI-SEANZA REGIONAL SEMINAR ON IMPLEMENTATION OF MACROPRUDENTIAL POLICIES मा सहभागी हुन सेप्टेम्बर १८ मा BALI, INDONESIA तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २६ मा स्वदेश फर्कनु भयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक प्रकाशचन्द्र भट्टराई INTER GOVERNMENT MEETING मा सहभागी हुन सेप्टेम्बर २० मा LHASA, CHINA तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २४ मा स्वदेश फर्कनु भयो ।

बाँकी १० पेजमा

९ पेजको बाँकी

उपनिर्देशकहरु बैंकर्स प्रशिक्षण केन्द्रका विष्णुप्रसाद खनाल र धनगढी कार्यालयका विनोदराज लेखक SEACEN SEMINAR ON ISSUES ON CENTRAL BANK GOVERNANCE AMID GLOBAL UNCERTAINTIES मा सहभागी हुन सेप्टेम्बर २४ मा MANILA, PHILIPPINES तर्फ प्रस्थान गर्नुभई क्रमशः अक्टोबर ६ र ३ मा स्वदेश फर्कनु भयो ।

पोखरा कार्यालयका उपनिर्देशक अमर अधिकारी र जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक भीमप्रसाद गौतम SEACEN ISSUES ON CENTRAL BANK GOVERNANCE AMID GLOBAL UNCERTAINTIES मा सहभागी हुन सेप्टेम्बर २५ मा MANILA, PHILIPPINES तर्फ प्रस्थान गर्नुभई अक्टोबर ४ मा स्वदेश फर्कनु भयो ।

जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशकहरु राजेन्द्र भट्टराई र हरिप्रसाद सुवेदी WORKSHOP ON HUMAN RESOURCE MANAGEMENT AND TRAINING मा सहभागी हुन सेप्टेम्बर २४ मा PARIS, FRANCE तर्फ प्रस्थान गर्नुभई अक्टोबर ५ मा स्वदेश फर्कनु भयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक दीर्घबहादुर रावल SEACEN BIS HIGH LEVEL SEMINAR AND 14TH SEACEN EXECUTIVE COMMITTEE MEETING मा सहभागी हुन सेप्टेम्बर २६ मा PAPUA NEW GUINEA तर्फ प्रस्थान गर्नुभई अक्टोबर १७ मा स्वदेश फर्कनु भयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक हरिप्रसाद पौडेल र सहायक निर्देशक देवेशमान जोशी INTERNATIONAL PROGRAM ON AGRO VALUE CHAIN FINANCING मा सहभागी हुन अक्टोबर ३ मा PUNE, INDIA तर्फ प्रस्थान गर्नुभई अक्टोबर १० मा स्वदेश फर्कनु भयो ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक सत्येन्द्रराज सुवेदी SEMINAR ON OPERATIONALISING MICROPRUDENTIAL TOOLS IN SUPERVISION मा सहभागी हुन अक्टोबर १६ मा BASEL, SWITZERLAND तर्फ प्रस्थान गर्नुभयो । उहाँ नोभेम्बर १ मा स्वदेश फर्कने कार्यक्रम छ ।

विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक राजकुमार खत्री र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक जगदिश कुमार PRUDENTIAL SUPERVISION OF THE BANKING SECTOR AND MACROPRUDENTIAL REGULATIONS विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर १७ मा ISTANBUL, TURKEY तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २७ मा स्वदेश फर्कनु भयो ।

मुद्रा व्यवस्थापन विभागका उपनिर्देशक प्रेमबहादुर चन्द ठकुरी तथा सहायक निर्देशकहरु बैंकिङ कार्यालयका निरञ्जनकुमार दाहाल र हरिबहादुर पण्डित, पोखरा कार्यालयका दलबहादुर थापा, चेतबहादुर गुरुङ, मुक्तिप्रसाद ढकाल र विष्णुराज पौडेल, सामान्य सेवा विभागका राजेश खकुरेल र हरिप्रसाद पुडासैनी, राष्ट्र ऋण व्यवस्थापन विभागका गोपीकृष्ण बडाल, महेन्द्रराज कार्की, मकुन्धोज खत्री र टीकाप्रसाद चौलागाईं, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कृष्णबहादुर कुँवर, रजनी श्रेष्ठ, दीपक पौडेल र कीर्तिविक्रम दाहाल, विराटनगर कार्यालयका योगेन्द्र डाँगी, कमलादेवी खतिवडा र राधिका गुरागाईं, गभर्नरको कार्यालयका सरिता पौडेल, वित्त व्यवस्थापन विभागका ममता अधिकारी, जनशक्ति व्यवस्थापन विभागका राममणि शर्मा, संस्थागत योजना विभागका इन्द्रप्रसाद रेग्मी र नेपालगञ्ज कार्यालयका पुरुषोत्तमकुमार भट्ट EXPOSURE VISIT TO CAMBODIA मा सहभागी हुन अक्टोबर २ मा PHNOM PENH, CAMBODIA तर्फ प्रस्थान गर्नुभई अक्टोबर ९ मा स्वदेश फर्कनु भयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशकहरु सिर्जना बज्राचार्य, रमेश शर्मा र अरुणकुमार शाह THOMSON REUTERS EIKON TRAINING मा सहभागी हुन अक्टोबर १९ मा MUMBAI, INDIA तर्फ प्रस्थान गर्नुभई अक्टोबर २२ मा स्वदेश फर्कनु भयो ।

## निर्देशकहरुको सरुवा

निर्देशकहरु अनुसन्धान विभागका डा. गोपालप्रसाद भट्ट र जनकपुर कार्यालयका मुकुन्द महतको जनशक्ति व्यवस्थापन विभागमा तथा जनशक्ति व्यवस्थापन विभागका निर्देशकहरु देवकुमार ढकाल र नरेश शाक्यको क्रमशः लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग र विकास बैंक सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

निर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका सुमनकुमार अधिकारीको भुक्तानी प्रणाली विभाग (कामकाज संस्थागत योजना विभाग) मा, नेपालगञ्ज कार्यालयका भीष्मप्रसाद उप्रेतीको बैंकिङ कार्यालय (कामकाज मुद्रा व्यवस्थापन विभाग) मा र बैंकिङ कार्यालय का. मु. निर्देशक बिमलराज खनालको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा भएको छ ।

## बढुवा तथा पदस्थापन

उपनिर्देशकहरु वित्त व्यवस्थापन विभागका दयाराम शर्मा पंगेनी, विराटनगर कार्यालयका तुलसीप्रसाद घिमिरे र सामान्य सेवा विभागका गुरुप्रसाद पौडेल प्रशासन सेवा तर्फको अधिकृत प्रथम पदको आन्तरिक प्रतियोगितामा सफल भई निर्देशक (अधिकृत प्रथम) मा बढुवा हुनुभएको छ । उहाँहरुको क्रमशः वित्त कम्पनी सुपरिवेक्षण विभाग, जनकपुर कार्यालय र नेपालगञ्ज कार्यालयमा पदस्थापन भएको छ ।

सहायक निर्देशकहरु विदेशी विनिमय व्यवस्थापन विभागका संजीवकुमार झा, वित्तीय जानकारी एकाइका कमलप्रकाश कालाथोकी, बैंकर्स प्रशिक्षण केन्द्रका प्रल्हाद गिरी, बैंक तथा वित्तीय संस्था नियमन विभागका शिखा अधिकारी रेग्मी, सामान्य सेवा विभागका प्रतिभा अधिकारी र बैंक सुपरिवेक्षण विभागका प्रियंका बस्न्यात प्रशासन सेवा तर्फको अधिकृत द्वितीय पदको आन्तरिक प्रतियोगितामा सफल भई उपनिर्देशक (अधिकृत द्वितीय) मा बढुवा हुनुभएको छ ।

निर्देशक र उपनिर्देशक पदमा बढुवा हुनुभएका सबैलाई समाचार बधाइ ज्ञापन गर्दछ ।

# नेपाल राष्ट्र बैंकमा वित्तीय साक्षरता एकाइको आवश्यकता



भागवत आचार्य

राष्ट्रिय योजना आयोग र राष्ट्रिय जनगणना - २०६८ को तथ्याङ्कअनुसार नेपालमा करिव ६० लाख ७२ हजार जनता गरिबीको रेखामुनि रहेका छन् । २०७२ सालको भूकम्प र भारतीय नाकाबन्दीले नेपाली अर्थतन्त्रमा पुऱ्याएको क्षतिलाई समेत यकिन गर्ने हो भने गरिबीको रेखामुनि रहेको जनसङ्ख्या अझ बढ्ने निश्चित छ । विगत १५ वर्षको अवधिमा नेपालमा उल्लेख्य रुपमा गरिबी न्यूनीकरण हुनुको कारण विप्रेषण आयलाई मानिएको छ । विप्रेषण आयको दिगो पन, यसको उत्पादनशील उपयोग तथा दिगो आय आर्जनको सुनिश्चितता नभएसम्म गरिबी न्यूनीकरण यथार्थपरक नहुने कुरालाई दृष्टिगत गर्दा नेपालको यो गरिबी न्यूनीकणलाई स्थायी भन्न सकिने अवस्था देखिँदैन । उपर्युक्त सन्दर्भमा नेपालमा औपचारिक रुपमा रहेको ६० लाखभन्दा बढीको गरिबी न्यूनीकरण गरी गरिब जनताको जीवनस्तर सुधार गर्नका लागि एक महत्वपूर्ण उपाय भनेको परम्परागत पेसाको व्यावसायीकरण मार्फत स्वरोजगार सिर्जना नै हो ।

गरिबी न्यूनीकरणका लागि हरेक व्यक्तिले उद्यम व्यवसाय गरी आय आर्जन गर्नु आवश्यक छ । सरकार वा कुनै संस्थाले पैसा बाँडेर मात्र कसैको जीवनस्तर सुधार हुँदैन भन्ने अनुभवसिद्ध भइसकेको छ । गरिबलाई माछा मारेर होइन बल्छी दिए मात्र उनीहरुको जीवनस्तर सुध्रने निश्चित छ । स्वरोजगार सिर्जनाका लागि उद्यम व्यवसाय गरी आयआर्जन गर्ने, सोका लागि वित्तीय स्रोतबारे जानकारी प्रदान गर्ने, आर्जित स्रोत साधनको सदुपयोग गर्ने, विना धितो कर्जासेवा सम्बन्धी सूचना प्रदान गर्ने लगायतका विषयबारे जानकारी दिने वित्तीय साक्षरता कार्यक्रमलाई विश्वका हरेक देशले अघि बढाइरहेका छन् । वित्तीय साक्षरता कार्यक्रममा हरेक पक्षको सहभागिता हुने गरे पनि हरेक देशमा केन्द्रीय बैंकले अगुवाइ गर्ने गरेका छन् । वित्तीय साक्षरताको मुख्य उद्देश्य नै उपलब्ध वित्तीय स्रोतबारे सर्वसाधारणलाई जानकारी प्रदान गर्ने र व्यावसायिकता अभिवृद्धि मार्फत मुलुकमा उत्पादन, रोजगारी तथा आय सिर्जना गरी गरिबी न्यूनीकरण मार्फत जनताको जीवनस्तर अभिवृद्धि गर्नु हो । यसलाई अहिले वित्तीय समावेशिता (Finfncial Inclusion) पनि भन्ने गरिएको छ । वित्तीय साक्षरताको यही महत्वलाई दृष्टिगत गरी नेपाल सरकारले तेह्रौं त्रिवर्षीय योजनादेखि वित्तीय साक्षरता विस्तारलाई उच्च प्राथमिकता दिएको छ । मुलुकमा उच्च पुँजी निर्माणका लागि बचत प्रोत्साहन गर्ने, उत्पादन अभिवृद्धिका लागि व्यावसायिक लगानी प्रवर्द्धन गर्ने नीति चालु योजनामा समेत रहेको छ ।

उपर्युक्त उद्देश्य हासिल गर्न नेपाल राष्ट्र बैंकले वित्तीय चेतना कार्यक्रम सञ्चालन गरिरहेको छ । यस कार्यक्रम अन्तर्गत लक्षित वर्ग विद्यार्थीलाई बनाएर विद्यार्थीसँग नेपाल राष्ट्र बैंक तथा अन्य वित्तीय साक्षरता कार्यक्रमहरु रहेका छन् । निश्चय पनि यो कार्यक्रम केन्द्रीय बैंक एक्लैले सञ्चालन गर्न सम्भव छैन । यसको लागि केन्द्रीय बैंकले वित्तीय प्रणाली, नागरिक समाज, सञ्चार क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

वित्तीय साक्षरता प्रवर्द्धनका लागि मुलुकमा सञ्चालित बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले निर्देशन जारी समेत गरिसकेको हुँदा सो निर्देशनको कार्यान्वयनको अवस्था र समन्वयकारी भूमिका निर्वाह गर्ने बेला भइसकेको छ । वित्तीय सेवाको सूचनाका साथै वित्तीय क्षेत्रप्रतिको अविश्वासलाई चिर्दै सर्वसाधारणलाई ढुक्कसँग कुनै पनि वित्तीय संस्थामा कारोबार गर्न सक्ने विश्वास दिलाउनु नेपाल राष्ट्र बैंक, चारै वर्गका बैंक तथा वित्तीय संस्थाको कर्तव्य हुन आएको छ । यसका लागि बैंक तथा वित्तीय संस्थाहरु लगायत सरोकारवाला सबैलाई चलायमान बनाउनु आवश्यक छ । वित्तीय सेवाको आपूर्ति पक्षको विस्तार मात्रले वित्तीय समावेशिताको लक्ष्य हासिल हुन सक्तैन ।

वित्तीय समावेशिता र साक्षरताका उपर्युक्त कार्य गर्नका लागि भारतीय रिजर्व बैंकमा समेत वित्तीय समावेशन तथा वित्तीय साक्षरता एकाइको व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकले समेत वित्तीय सूचनाहरुलाई सर्वसाधारण समक्ष पुऱ्याई सोको उपयोग पक्षको सशक्तीकरणको कार्य पनि गर्नु पर्दछ । यसका लागि बैंकभित्र वित्तीय समावेशीकरण र वित्तीय साक्षरता एकाइ स्थापना गर्नु जरुरी देखिएको छ । यसो भएमा सो एकाइले प्राथमिकताका साथ सो क्षेत्रमा काम सक्तछ । यस एकाइको मुख्य काम बैंकले सञ्चालन गर्ने वित्तीय साक्षरता कार्यक्रम व्यवस्थापन गर्नु त हुँदै हो तर योभन्दा पनि वित्तीय साक्षरतालाई देशभर विस्तार गर्न आवश्यक समन्वयन, प्रोत्साहन, अनुगमन गर्नु हो ।

वित्तीय साक्षरता एकाइले गर्नु गराउनु पर्ने कार्यहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

- वित्तीय साक्षरता सम्बन्धी विषयहरूलाई पाठ्य सामग्रीमा समावेश गर्नका लागि शिक्षा मन्त्रालय तथा सो अन्तर्गतका संस्थाहरुसँग आवश्यक समन्वय तथा पहल गर्ने ।
- वित्तीय साक्षरता सम्बन्धी श्रव्य, दृश्य, पाठ्य सामग्री तयार गर्ने, गराउने तथा वितरणको व्यवस्था मिलाउने ।
- वित्तीय साक्षरता कार्यक्रम ग्रामीण क्षेत्रसम्म पुऱ्याउन बैंक तथा वित्तीय संस्थाहरुलाई सहभागी गराउने, नीति नियम कार्यान्वयनको अनुगमन गर्ने ।
- बैंक तथा वित्तीय संस्थाका वेवसाइट, बडापत्र, कार्यक्रम प्रायोजन, ऱ्यालीमार्फत वित्तीय साक्षरता प्रवर्द्धन गराउने ।
- वित्तीय साक्षरता सम्बन्धमा सहकारी संस्था, गैरसरकारी संस्था, सञ्चार क्षेत्रसँग समन्वय गरी आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- सरकार तथा केन्द्रीय बैंकद्वारा सञ्चालित कल्याणकारी वित्तीय कार्यक्रमका बारेमा जानकारी गराउन आवश्यक प्रबन्ध मिलाउने ।

बाँकी अन्तिम पेजमा

## कार्यकारी निर्देशकहरुको पदस्थापन

गत भदौ महिनामा कार्यकारी निर्देशक (विशिष्ट श्रेणी) मा बढुवा हुनुभएका आन्तरिक लेखापरीक्षण विभागका महेश्वरलाल श्रेष्ठ, वित्त व्यवस्थापन विभागका ख्यामनारायण ढकाल, मुद्रा व्यवस्थापन विभागका भुवन कँडेल र सामान्य सेवा विभागका रमेशकुमार पोखरेलको कार्यरत रहेकै विभागमा पदस्थापन भएको छ।

## कायम मुकायम मुकरर

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक डा. भुवनेश पन्त कायम मुकायम कार्यकारी निर्देशक मुकरर हुनुभएको छ। उहाँलाई गभर्नरको कार्यालयका कायम मुकायम कार्यकारी निर्देशकको जिम्मेवारी दिइएको छ।

## अवकाश

बैंकिङ कार्यालयका उपनिर्देशक भीष्मजंग कुँवरले बैंक सेवाबाट अवकाश पाउनु भएको छ। उहाँले ५८ वर्षको उमेर हदका कारण अवकाश पाउनु भएको हो। यसैगरी, ५८ वर्षको उमेर हदका कारण सामान्य सेवा विभागका सहायक निर्देशक (चालक) हरसिंह विष्टले पनि अवकाश पाउनु भएको छ।

## फोटो समाचार



गभर्नर डा. चिरंजीबि नेपालले असोज ६ गते काठमाडौंमा नेपाल लघुवित्त बैंकर्स संघको १०औं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो।



गभर्नर डा. चिरंजीबि नेपालले असोज ७ गते काठमाडौंमा Asia Pacific Association of Banking Institute (APABI) को अन्तर्राष्ट्रिय सम्मेलनको समुद्घाटन गर्नुभयो।

११ पेजको बाँकी

## नेपाल राष्ट्र बैंकमा....

अहिले नेपालमा बैंक तथा वित्तीय संस्थाका शाखाहरुको सङ्ख्या लगभग ४,२०० को हाराहारीमा रहेको छ। ती हरेक शाखाहरुलाई वित्तीय चेतनामूलक गतिविधिमा संलग्न गराएमा तीव्र रुपमा वित्तीय चेतना विस्तार हुन सक्छ। यसको लागि आफ्नो संस्थाको वार्षिकोत्सव, अन्तर्राष्ट्रिय वित्तीय सप्ताह, गरिबी निवारण दिवस लगायतका विशेष अवसरमा वित्तीय साक्षरतासँग सम्बन्धित ऱ्याली आयोजना, प्रकाशन तथा अन्य सामग्री वितरण, विद्यार्थीहरुलाई संस्था भिजिट गराउने लगायतका गतिविधि गर्न सकिन्छ।

अहिलेको गरिबी निवारणको अचुक अस्त्र भनेको नै स्वरोजगार सिर्जना हो। राज्य वा निजी क्षेत्रले सबैलाई तलबी रोजगार दिन सम्भव हुँदैन। दुईतिहाइ जनसङ्ख्या कृषि व्यवसायमा संलग्न रहेको नेपालमा सोही पेसालाई व्यावसायिक रुप दिएर नै साना किसानहरुको आर्थिक अवस्था माथि उकास्न सकिन्छ। गत आर्थिक वर्षमा औपचारिक रुपमा ४० अर्ब बराबरको खाद्यान्न नेपालले आयात गर्नु पऱ्यो। ५४ प्रतिशत जनताको आम्दानीको स्रोत रेमिट्यान्स रहेको सन्दर्भमा सो आयलाई आम्दानीमूलक र उत्पादक लगानीतर्फ प्रवाह गर्न सकेमा नै गरिबी निवारणले दिगो रुप प्राप्त गर्न सक्तछ। उपभोग खर्चलाई गरिबी निवारणको आधार मान्दा नेपालमा विप्रेषण आम्दानीको उपभोग हुन गई नेपालको गरिबी न्यूनीकरण देखिएको सन्दर्भमा रेमिट्यान्स आउन छाड्ने वित्तिकै गरिबी बढ्न जाने सम्भावना रहन्छ। यसैले विप्रेषणको सदुपयोग गर्न र उत्पादक लगानीतर्फ प्रोत्साहन गर्न स्थानीय सरकारसँग समेत समन्वय गर्नु आवश्यक हुन्छ।

न्यून आयवर्गका लागि सरकारले सञ्चालन गरेका कतिपय लोककल्याणकारी वित्तीय कार्यक्रमका बारेमा सर्वसाधारणलाई जानकारी नभएको देखिएको छ। सो जानकारीको अभावमा ती कार्यक्रमको लाभ लिनबाट सर्वसाधारण वञ्चित भएको र कार्यक्रम नै निष्प्रभावी हुन पुगेको यथार्थ हो। यस सन्दर्भमा वित्तीय चेतना अभिवृद्धिका यावत् पक्षका अतिरिक्त वित्तीय कल्याणकारी कार्यक्रमलाई सर्वसाधारणमा जानकारी गराउन सकेमा नै अति विपन्न जनता लाभान्वित हुन सक्ने र गरिबी निवारणको बृहत् राष्ट्रिय उद्देश्य हासिल गर्न सकिने हुन्छ। यसका लागि नेपाल राष्ट्र बैंकमा वित्तीय साक्षरता एकाइ स्थापना गरी यस कार्यक्रमलाई महत्वका साथ अघि बढाउनु उपयुक्त हुन्छ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
विभुप्रसाद अर्याल

**सम्पादन सहयोगी**
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४७७०६१३, ४७७०२५३